१७ मंर्सिर २०६६ (१ डिसेम्बर २००९) । काठमाडौं ।

जलवायु परिवर्तनसम्बन्धी कोपनहेगन सम्मेलनका निमित्त नेपाल सरकारलाई सुझाव

यही डिसेम्बर ७ देखि १७ देखि डेनमार्कको राजधानी कोपनहेगनमा सम्पन्न हुन लागेको जलवायु परिवर्तनसम्बन्धी सम्मेलनका लागि नेपाल सरकारसमक्ष यो महासंघ निम्नबमोजिम प्रतिक्रिया एवम् सुझावहरु पेश गर्नचाहन्छः

१. सर्वप्रथम त खासगरी धनी तथा औद्योगिक राष्ट्रहरुका गलत औद्यागिक नीति र गतिविधिका कारण विश्वव्यापीरुपमा भइरहेको जलवायु परिवर्तनका कारण नेपालमा समेत अत्यन्तै तीब्र गतिमा बिग्रँदो हिमाली वातावरण तथा जनजीवनमाथि परिरहेको चौतर्फी असरका बारेमा सरोकारवालाहरुसँग पर्याप्त परामर्श नगरी नेपाल सरकारले कोपनहेगनका लागि तयार गरेको राष्ट्रिय प्रतिवेदनप्रति यो महासंघ गहिरो दुःख प्रकट गर्दछ । उक्त प्रतिवेदनले समग्र हिमाली क्षेत्र र नेपाली जनजीवनमाथि प्रतिकूल असर पर्नेगरी यस क्षेत्रका सरकार तथा विश्व बैंक र एसियाली विकास बैंकजस्ता वित्तीय संस्था एवम् मुनाफाखोर बहुराष्ट्रिय कम्पनीहरुका विध्वंसात्मक गतिविधिहरुप्रति मौन रहेको छ । यसलाइ जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परिरहेको प्रतिकूल असर र यसको न्यूनीकरण एवम् प्रतिरक्षात्मक व्यवस्थापनका लागि नेपाल तथा यस क्षेत्रका समस्त हिमाली राष्ट्रहरुले उठाउने मूल मुद्दा नै आझेलमा पर्ने सम्भावना बढेको छ । प्रतिकूल जलवायु परिवर्तनका मुख्य दोषी ठहरिएका विभिन्न विकसित राष्ट्रहरुबाट दाबी गर्नुपर्ने आर्थिक सहायताको मुद्दा पनि छायाँमा पर्ने देखिएको छ । नेपाल सरकारको यस्तो हचुवा तयारी र हचुवा प्रतिवेदनप्रति यो महासंघ गम्भीर आपत्ति प्रकट गर्दछ ।

२. कोपनहेगन सम्मेलनका सन्दर्भमा, नेपाललगायतका हिमाली क्षेत्रमा हिमनदी र हिमतालहरुबाट बग्ने पानीको स्रोतका आधारमा पञ्चेश्वर, कर्णाली चिसापानी र सप्तकोशी जोखिमयुक्त उच्च बाँधजस्ता आयोजनाहरु अघि बढाउनु, भारत र चीनले नदी जोड आयोजनाहरुलाई अघि बढाउनु तथा नेपाल भारत सिमानामा भारतले एकतर्फी, अवैज्ञानिक र अवैधानिकरुपमा निर्माण गरिरहेका दर्जनौं बाँध र तटबन्धहरुका कारण समस्त तराई र त्यस क्षेत्रका करोडौं जनताको जनजीवन र जनजीविका माथि परिरहेको असरहरुका बारेमा स्पष्ट नीति र अडानका साथ जोडदार आवाज उठाउन जरुरी छ । तर भारतको योजना, दबाब र स्वार्थमा नेपालको कोशीदेखि महाकाली नदीसम्म हरक्षेत्रमा ठूलाठूला विध्वंशकारी बाँधसंरचनाहरु निर्माण गर्दैजाने हो भने नेपालको खाद्य भण्डार, जैविक विविधता र जनजीविकाको मुख्य स्रोतका रुपमा रहेका नदी तट, उपत्यका र उर्बरा भूमिहरु नष्ट हुने तथा लाखौंको संख्यामा हुने विस्थापनका कारण समग्र वातावरण तथा जलवायु परिवर्तनमा पर्ने प्रतिकूल असरहरुका बारेमा समेत कोपनहेगन सम्मेलनमा सचेत हुन जरुरी छ । तर यति महत्वपूर्ण प्रश्नमा नेपालले तयार गरेको प्रतिवेदनको मौनता दुःखदायी छ ।

३. हो, आगामी केही दशकभित्र नै सम्पूर्ण नेपाल र नेपालीहरुका निमित्त खानेपानी, सिँचाइ र बिजुलीको आपूर्ति अनिवार्य छ । तर यसका निमित्त नेपालले पञ्चेश्वर र सप्तकोशी उच्च बाँधजस्ता हानिकारक आयोजनाहरुमा लगानी गर्नुको सट्टा नेपालभरि नै छरिएर रहेका साना तथा मझौला आयोजनाहरुमा लगानी गर्नुपर्दछ । सौर्य तथा वायु ऊर्जाका विकल्पहरुलाई समेत प्राथमिकता दिनुपर्दछ । यी आयोजनाहरुलाई सम्पन्न गर्नका लागि चर्को ब्याज तथा राष्ट्रिय हितविपरीत ऋणका पूर्वशर्तहरु लाई स्वीकार गर्दै गलत लगानी खोज्नुको सट्टा जलवायु परिवर्तनमा नेपालको भूमिका नगण्य रहेको मूल्यस्वरुप तिनै धनी तथा औद्योगिक राष्ट्रहरुबाट शुद्ध विकास संयन्त्र (Clean Development Mechanism) अन्तर्गत निःशुल्क आर्थिक सहायता र शर्तरहित सर्वसुलभ ऋण लगानी गर्ने एजेन्डालाई कोपनहेगनमा विशेषरुपमा उठाइनुपर्दछ भन्ने यस महासंघको सुझाव छ ।

आशा छ, नेपालका तर्फबाट कोपनहेगनमा प्रस्तुत हुने प्रतिवेदन, विचार र सुझाव समस्त हिमाली क्षेत्र र समग्र नेपालको उच्च प्राथमिकता र आवश्यकता अनुकूल हुनेछन् । यो कुरा नेपालका तर्फबाट कोपनहेगन सम्मेलनमा भाग लिन जाने सरकारी तथा गैरसकारी प्रतिनिधिहरुको नीतिगत स्पष्टता, विशेषज्ञता, सक्षमता र इमान्दारितामा भर पर्नेनिश्चित छ । भरोसा गरौं कि कोपेनहेगन सम्मेलनमा नेपालको सहभागिता भ्रमण एवं घुमफिरका अवसरमा सीमित हुनेछैन ।

भवदीय

रतन भण्डारी

संयोजक
जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपाल

pdfMachine by Broadgun Software